# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) वीरेन्द्रनगर, सुर्खेत, श्रावण २३ गते, २०७९ साल (अतिरिक्ताङ्क ८


## भाग-१

### कर्णाली प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको

## सूचना

कर्णाली प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**संवत् २०७९ सालको ऐन नं. ०६**

**मुख्य न्यायाधिवक्ताको काम,कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन**

**प्रस्तावना:** मुख्य न्यायाधिवक्ताको काम,कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन,२०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी ऐन, २०७५ को दफा ३ मा संशोधनः** मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ (यस पछि “मूल ऐन" भनिएको) को दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छः-

“**३.मुख्य न्यायाधिवक्ताको कार्यालयको स्थापनाः** (१) प्रदेश राजधानी रहेको स्थानमामुख्य न्यायाधिवक्ताको कार्यालय रहनेछ।

(२) मुख्य न्ययायाधिवक्ताको कार्यालयमा महान्यायधिवक्ताको कार्यालयबाट खटिएका कर्मचारीहरु रहनेछन्।

(३) मुख्य न्यायाधिवक्ताको कार्यालयको वरिष्ठतम् अधिकृतले मुख्य न्यायाधिवक्ताको निर्देशनमा रही सो कार्यालयको प्रशासकीय प्रमुखको रूपमा काम गर्नेछ।"

**३. मूल ऐनको दफा ४ मा संशोधनः** मूल ऐनको दफा ४ को,-

(१)उपदफा (१) को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) प्रदेश सरकार, प्रदेश सरकारको कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीले कुनै संवैधानिक वा कानूनी प्रश्नमा राय माग गरेमा कानूनी राय दिने,"

(२) उपदफा(६) पछि देहायका उपदफा (६क) र (६ख) थपिएका छन्ः-

"(६क) मुख्य न्यायाधिवक्ताले प्रदेश सरकारको हक हित वा सरोकारको विषयमा अदालतमा विचाराधीन कुनै मुद्दामा प्रदेश सरकारको तर्फबाट बहस पैरवी वा प्रतिरक्षा गर्न प्रदेश सरकारले निर्धारण गरेको मापदण्डका आधारमा आवश्यकता अनुसार कुनै कानून व्यवसायी वा सरकारी वकीललाई तोक्न सक्नेछ।

तर त्यसरी कानून व्यवसायी तोक्दा मुद्दाको प्रकृति हेरी एउटा मुद्दामा बढीमा तीन जनासम्म कानून व्यवसायी तोक्न सकिनेछ ।

(६ख) उपदफा (६क) बमोजिम तोकिएको कानून व्यवसायीले प्रदेश सरकारको तर्फबाट कुनै मुद्दामा बहस, पैरवी वा प्रतिरक्षा गर्दा प्रदेश सरकारले निर्धारण गरेको मापदण्ड बमोजिमको पारिश्रमिक पाउनेछ।"

४. **<u>मूल ऐनको दफा ६ मा संशोधनः</u>** मूल ऐनको दफा ६ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) मुख्य न्यायाधिवक्ताले आफ्नो प्रदेशभित्र नेपाल सरकार वादी वा प्रतिवादी भई कुनै अड्डा अदालत वा अन्य कुनै मुद्दा हेर्ने निकायमा चलेको मुद्दाको सम्बन्धमा उच्च सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालयसँग आवश्यक जानकारी लिन सक्नेछ।"

**५.** **<u>मूल ऐनमा दफा ८क. थप</u>:** मूल ऐनको दफा ८ पछि देहायको दफा ८क. थपिएको छः-

"**८क.** **<u>बहस पैरवी वा प्रतिरक्षाका लागि अनुरोध गर्नु पर्नेः</u>**(१) प्रदेश सरकार, प्रदेश सरकारका मन्त्रालय वा कार्यालयको तर्फबाट कुनै मुद्दामा अदालतमा बहस पैरवी वा प्रतिरक्षा गर्नुपर्ने भएमा मुख्य न्यायाधिवक्ताको कार्यालयलाई अनुरोध गर्नुपर्नेछ।

(२)उपदफा (१) बमोजिम अनुरोध गर्दा प्रदेश सरकार, प्रदेश सरकारका मन्त्रालय वा कार्यालयको तर्फबाट अदालतमा पेश गरेका निवेदन, लिखित जवाफ, प्रतिउत्तर, पुनरावेदन तथा सम्बन्धित आवश्यक कागजात संलग्न गरी पठाउनु पर्नेछ।"

**६.** **<u>मूल ऐनको दफा १५ मा संशोधन</u>**: मूल ऐनको दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छः-

"**१५.** **<u>विदा</u>**: (१) मुख्य न्यायाधिवक्ताले उच्च अदालतका न्यायाधीशको पारिश्रमिक सुविधा र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७४ बमोजिम उच्च अदालतका न्यायाधीशले पाए सरहको भैपरी आउने विदा, पर्व विदा, घर विदा, बिरामी विदा, किरिया विदा, प्रसूति विदा र प्रसूति स्याहार विदा पाउनेछ।

(२) मुख्य न्यायाधिवक्ताको विदा मुख्यमन्त्रीबाट स्वीकृत हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि भैपरी आउने विदा र पर्व विदा मुख्य न्यायाधिवक्ता आफैले स्वीकृत गरी लिन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(४) उपदफा (३) बमोजिम मुख्य न्यायाधिवक्ताले विदामा बसेको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ र एकै पटक तीन दिनभन्दा बढी विदामा बस्नु परेमा मुख्यमन्त्रीको स्वीकृति लिनु पर्नेछ।"

प्रमाणीकरण मितिः २०७९/०४/२३

आज्ञाले
कृष्ण प्रसाद उपाध्यय
प्रदेश सरकारको निमित्त सचिव

---

**आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित**

आन्तरिक मामिला तथा कानून मन्त्रालय